वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक १८१ | २०८२ कात्तिक २४ गते सोमबार, नेपाल सम्वत् ११४६ November 10, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## विद्यार्थीको प्रतिभा पहिचान

तनहुँको बन्दीपुर गाउँपालिकाले आइतबार बन्दीपुर बजारमा आयोजना गरेको 'विद्यार्थी प्रतिभा पहिचान' कार्यक्रममा नृत्य प्रस्तुत गर्दै छात्राहरू । विद्यालयबीचको नृत्य प्रतियोगितामा पवित्रा माध्यमिक विद्यालयले प्रथम भई नगद २० हजार रूपैयाँ, मनास्लु बोर्डिङ स्कुल द्वितीय भई १७ हजार रूपैयाँ, भानु माध्यमिक विद्यालय तृतीय भई १३ हजार रूपैयाँ र कालिका माध्यमिक विद्यालयले सान्त्वना पुरस्कार स्वरूप ५ हजार रूपैयाँका साथमा ट्रफी, प्रमाणपत्रद्वारा सम्मान एवं पुरस्कृत गरिएको छ । उक्त कार्यक्रममा गाउँपालिकाभित्रका १० वटा विद्यालयका विद्यार्थी, शिक्षक र अभिभावकहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

*तस्विर : भञ्ज्याङ*

# कम्ती रोमाञ्चक छैनन् मार्फाका गल्ली

**सुन्दरकुमार थकाली/मुस्ताङ**

अचेल मुस्ताङ भ्रमण गर्ने पर्यटकका लागि मुस्ताङको मार्फा गाउँ निकै चर्चित छ । दुई वर्षअघि गुमनाम जस्तै रहेको मार्फा पछिल्लो समय पर्यटकको उपस्थिति बढेसँगै यसको चर्चा परिचर्चा चुलिन थालेको हो । 'क्या राम्रो स्याउबारी मार्फा गावैमा' बोलको गीतका सर्जक थिइन् स्वर्गीय बसन्ती लालचन । दुई दशकअघि यो गीत निकै चर्चामा थियो । मुक्तिनाथ मन्दिरसँगै जोड्न चाहन्थे मार्फाली समुदाय । पछिल्लो समय आफ्नो गाउँभित्र लुकेको अपार सांस्कृतिक मौलिक सम्पदालाई जोगाएर राख्न सके । एक अजङ्गको पहाड । त्यसको फेदैमा क्या राम्रो चिटिक्क मिलेको मार्फा गाउँ । त्यही बस्ती हो, जहाँ गाउँभित्रको अद्भूत सांस्कृतिक सम्पदा लुकेका छन् । एक सय बढी घरधुरीको बसोबास रहेको मार्फामा कृषि र पर्यटनको प्रचुर सम्भावना रहेको छ । बगैँचामा लटरम्म स्याउ फलाउनु मार्फालीको दैनिकी थियो । थालेको मार्फाका स्थानीयबासी आइतप्रसाद हिराचन बताउनुहुन्छ। स्थानीय हिराचनका अनुसार दुई वर्षअघि सुनसान हुने मार्फा गाउँभित्रको गल्लीमा पर्यटकहरूको चहलपहल ब्यापक हुन थालेको उल्लेख गर्नुहुन्छ ।

मार्फा गाउँभित्रको पुरानो बस्ती र बस्तीभित्रको परम्परागत सांस्कृतिक मौलिकता अवलोकन गर्न पर्यटकहरूको आगमन हुने गरेको स्थानीय हिराचनको भनाइ छ । उहाँका अनुसार दसैं, तिहार मुक्तिनाथको दर्शन र कोरलानाका पुगेर फर्किएका पर्यटकहरु गाडी रोकेर दुई/तीन घण्टा सम्म बिताउने गरेको पाइएको छ ।

चितवनबाट मुस्ताङ भ्रमण गर्न आएका पर्यटक विनोद ढकालले सडकको सहज पहुँच भइरहेकाले पर्यटकहरु मुस्ताङ घुम्न रूचाउने गरेको बताउनुभयो । यहाँका धार्मिक पावन भूमि मुक्तिनाथको दर्शन गरी मार्फाको सौन्दर्यता अवलोकन गर्न पाउँदा गौरान्वित भएको प्रतिक्रिया जनाउनुभयो । यहाँको मार्फामा भाइरल भाइरल गल्लीहरु रहेको र साँघुरो गल्लीभित्रको यति ठूलो पर्यटकीय मानव सागर पहिलोपटक देखेको अनुभूति सुनाउनुभयो । आफ्नै देशको यो ठाउँ र यहाँको सांस्कृतिक जीवन्त कला संस्कृति कमै भेटिने गरेकाले मार्फा गाउँको सौन्दर्यताले आफूलाई मोहित तुल्याएको उहाँले बताउनुभयो।



मार्फा गाउँ पहाडको भिरालो सतहमा अवस्थित छ । वस्तीका सबै घरहरु एकापसमा गुजमुच्च जोडिएका छन् । गल्लीभित्र दर्जनौं शाखा गल्लीहरु रहेका छन् । मुख्य राजमार्ग सडकको उत्तर/दक्षिणसम्म मार्फा गाउँको लम्बाई करिव पाँच सय मिटरभन्दा बढी छ । उक्त दूरीमा रहेको मुख्य गल्लीभित्र चाहार्दै जाँदा दर्जनौं साघुरा शाखा गल्लीहरु भेटिन्छन् । जुन पर्यटकका लागि फरक अनुभूति दिलाउँछ ।

मकवानपुरबाट शिक्षकहरूसँगै मुस्ताङ भ्रमणमा आएका बिद्यार्थी टोली पनि मार्फा गल्लीमा भेटिए। टोलीका विद्यार्थी सीमा तामाङ र अनुस्का तामाङ मार्फा गल्लीभित्र मोवाइलबाट टिकटक बनाउन व्यस्त देखिन्थे। मुस्ताङको मार्फामा आएका मार्फा गाउँ र स्याउबारीको गीतमा वर्णन गरिएको थियो । यो गीत जति चर्चामा आयो तर पर्यटक आकर्षित गर्न भने सकेन ।

मार्फाको वास्तविक मौलिकता र यसको महत्व कमैलाई मात्रै ज्ञान हुँदा पर्यटन प्रर्वद्धन हुन नसकेकै हो। मार्फा गाउँ धमाङपछिको स्थान्तरित प्राचीन बस्ती हो । जहाँ अलौकिक धार्मिक, सांस्कृतिक, सामाजिक र परम्परागत मौलिकता लुकेर बसेको छ। यही लुकेको अपार सम्पदालाई पर्यटन प्रवर्द्धनमा तर, अचेल कृषि कर्मसँगै पर्यटनसँग समेत जोडिन थालेका छन् । स्याउ खेतीको पुर्ख्यौली व्यवसाय अचेल पर्यटनमा जोडिन थालेको हो ।

मुस्ताङमा पर्यटन क्षेत्रमा आएको उभार मुख्य सडक मार्ग सहज पहुँच नै हो । मुक्तिनाथ मन्दिर, कागबेनीधाम, लोमान्थाङ दरबार, कोरलानाका, छोसेर गुफा र ढुम्बातालसँगै थासाङ क्षेत्रमा थुप्रै पर्यटकीय गन्तब्यमध्ये मार्फा गाउँ पनि यहाँको मुख्य पर्यटकीय गन्तब्यका रूपमा विकास हुन र छठपर्वको बिदामा पर्यटकको भीड बढेको र यहाँका गल्लीभित्र मात्रै दैनिक रू १५ लाख बढीको आर्थिक कारोबार हुने गरेको जानकारी दिनुभयो । यहाँको मार्फा गाउँभित्र सदिंयौ वर्ष पुराना ढुङ्गा र माटोले निर्मित एकापसमा जोडिएका घरहरु जीवन्त छन् । राष्ट्रिय राजमार्गको बेनी–जोमसोम सडक नजिकै रहेको मार्फा गाउँको भित्री बस्ती हेर्न, फोटो, भिडियो र टिकटक बनाउन पर्यटकहरूको भीड नै लाग्ने गरेको पाइएको छ।

बाँकी तेश्रो पेजमा

# डुम्रे-बेसीसहर सडक खण्ड ११ दिन अवरूद्ध हुने

**भञ्ज्याङ समाचारदाता/दमौली**

डुम्रे–बेसीसहर–चामे सडक योजना अन्तर्गत डुम्रे–बेसीसहर सडक खण्ड ११ दिनसम्म अवरूद्ध हुने भएको छ । जसकारण सोमबारदेखि उक्त सडक खण्ड दैनिक साढे ६ घण्टा बन्द हुने भएको छ । उक्त खण्डमा रोडवे एक्स्काभेसन (सडक उत्खनन) कार्य गर्नुपर्ने भएकाले सडक अवरूद्ध हुने जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

भानु नगरपालिकाको ढुकुर्दी क्षेत्रसम्म रोडवे एक्साभेसन कार्य गर्नुपर्ने भएकाले सम्भावित दुर्घटना जोखिम न्यूनीकरण गर्न तथा कार्य प्रगतिमा सहजीकरणका लागि उक्त सडक खण्डमा सवारी आवागमन बन्द गरिने जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत विकास श्रेष्ठले बताए ।

'सडक बन्द रहने समयावधि २०८२ कात्तिक २४ गतेदेखि मंसिर ५ गतेसम्म रहनेछ', उनले भने, 'सो अवधिमा बिहान ६:३० देखि ९ बजेसम्म, बिहान ११ देखि दिउँसो १ बजेसम्म र दिउँसो २ बजेदेखि दिउँसो ४ बजेसम्म सडक अवरूद्ध हुने छ ।'



डुम्रे–बेसीसहर–चामे सडक योजना प्रमुख सिनियर डिभिजन इन्जिनियर सतिस सुवेदीका अनुसार सडकको विभन्न ठाउँमा रोडवे कार्य गर्नुपर्ने भएकाले समय मिलाएर सवारी आवागमन रोक्न लागिएको हो । डुम्रे-बेसीसहर-चामे सडक योजना प्रमुख सुवेदीले सडकको ठाउँठाउँमा मर्मत तथा फराकिलो पार्ने काम गरिनेछ । 'केही ठाउँमा कटिङ गर्नेछौं । साँघुरो सडक फराकिलो बनाउने काम केही ठाउँमा हुनेछन्,' उनले भने । उक्त अवधिमा सवारी साधनहरूले तुरतुरे-पालुङटार-खत्रीटार हुँदै विमलनगर (डुम्रेनजिक) को वैकल्पिक मार्ग प्रयोग गर्न सक्ने उनले बताए ।

**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**

**फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।**

www.bhanjyangnews.com

Email- bhanjyangdml@gmail.com

## सम्पादकीय ............

www.bhanjyangnews.com

# ओझेलमा परेको सम्पदा

ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक, साहित्यिक लगायत विविध आयमले परिपूर्ण छ हाम्रो मुलुक । ऐतिहासिक महत्व बोकेको सम्पदाको सामयिक रूपले विकास र प्रवर्द्धन गर्नसके आर्थिक उपाजर्नको पाटो बन्न सक्छन् । यस्तै सम्भावना र ऐतिहासिक महत्व बोकेको स्थान हो सतीघाट । भानु नगरपालिका–१ स्थित मर्स्याङ्दी नदी किनारमा रहेको यो सतीघाट ऐतिहासिक सहित धार्मिक महत्व बोकेको छ । आदिकवि भानुभक्त आचार्यको समाधीस्थल समेत रहेको सतीघाटको ऐतिहासिक महत्व रहेको छ । नेपाली भाषा एकीकरणका नायक आचार्यसँग सम्बन्धित कयौ विषयवस्तु तथा क्षेत्र खोज अनुसन्धान गर्नुपर्ने अवस्थामा छन् । नेपाली भाषाका कवि, लेखक, तथा दार्शनिकका रूपमा पहिचान बनाएका आदिकवि आचार्यलाई नेपाली साहित्यको जग बसाल्ने व्यक्तित्वका रूपमा चिनिन्छ । भानुभक्तसँग सम्बन्धित कयौं विषय हालसम्म पनि खोज तथा अनुसन्धान हुन सकेका छैनन् । आचार्यको जन्मस्थल, बाल्यकाल, युवा तथा वृद्धअवस्थाका धेरै विषयमा हालसम्म खोजी भएको पाइदैन । उनको अन्त्येष्टिका विषयमा पनि खोजी गर्नुपर्ने हुन्छ । तनहुँको भानु नगरपालिका–४ चुँदीरम्घास्थित धर्मशाला (शिखर कटेरी) मा वि.सं. १८७१ असार २९ गते जन्मिएका राष्ट्रिय विभूति आचार्यको बाल्यकाल, युवा र वृद्धावस्थालगायत विषयमा खोज तथा अनुसन्धान हुन सकेको छैन । जन्मस्थलका बारेमा प्रचारप्रसार र प्रवर्द्धन भएपनि अन्य विषय भने ओझेलमा छन् । भानुभक्तको विसं १९२५ असोज ७ गते देहावसन भयो । देहावसनको मिति लेखिएको शिलापत्र पाइन्छ। निधनपश्चात् पार्थिव शरीरको अन्त्येष्टि (समाधि) कहाँ गरियो ? भन्ने विषयमा कतिपय साहित्यकारहरू नै जानकार नहुन सक्छन् । जन्मस्थलको विकास, संरक्षण र प्रवर्द्धन भएपनि समाधिस्थलको प्रचारप्रसार नहुँदा गुमनाम जस्तै छ । यस विषयमा गहन अनुसन्धान हुन आवश्यक छ। आचार्यका बारेमा उनका सन्ततिका साथै सरकारी पक्षबाट विशेष अनुसन्धान गरिनुपर्ने खाँचो छ। भानुभक्तको जन्मस्थल र उनिसंग जोडिएका अन्य विषयका बारेमा जति प्रचारप्रसार हुनुपर्ने हो त्यति हुन सकेको छैन। अधिकांश व्यक्तिलाई भानुभक्तको जन्मस्थलका बारेमा जानकारी भएपनि सम्बन्धित अन्य विषय तथा महत्वपूर्ण स्थानका बारेमा अनविज्ञ छन्।

मर्स्याङ्दी करिडोर (हिमालबाट आएको कर्मदा नदी)अन्तर्गत तनहुँको भानु नगरपालिका–१ सतीघाट (गाईथुने)मा भानुभक्तको पार्थिव शरीरको अन्त्येष्टि गरिएको थियो । ऐतिहासिक एवं धार्मिक रूपमा परिचित सतीघाटको बारेमा अधिकांश मानिस अनविज्ञ छन् । भानुभक्तसँग सम्बन्धित स्थानको संरक्षण र संवर्द्धनमा स्थानीयवासीले चासो नर्दिंदा विशेष महत्व राख्ने यो क्षेत्र ओझेलमा परेको हो । तत्कालिन समयमा नेपालका सनातनी ब्राम्हणले आफ्नो अन्त्यावस्था तीर्थस्थलमा बिताउने अभिलाषा राख्दथे । सोही अनुरूप भानुभक्तलाई पनि अन्त्यावस्थामा मर्स्याङ्दी नदीको सतीघाट (गाईथुने)मा लगि जलाश्रयमा राखिएको शिलापत्र उल्लेख छ । यो घाट चुँदीबेँसीबाट करिब दुई कोस पूर्वमा पर्दछ । यस ठाउँ डुम्रेबाट भन्सार हुँदै लमजुङतर्फ जाने मुख्य राजमार्गको नजिकै पर्दछ । सतीघाटमा दुई वटा घाट रहेका छन् । दुई घाटमध्ये माथिल्लो मन्दिर रहेको स्थानमा भानुभक्तको अन्त्येष्टि गरिएको बताइन्छ । माथिल्लो घाटमा तत्कालिन समयमा समाजमा ख्यातिप्राप्त व्यक्तित्वको अन्त्येष्टि गर्ने प्रचलन रहेको थियो । आचार्यसँग सम्बन्धित केही पुस्तकमा सतीघाटका बारेमा उल्लेख भएपनि यसको विकास र प्रवर्द्धन हुन सकेको छैन । तत्कालिन समयमा एक जना लोहनी थरका व्यक्तिको पाँच वटी श्रीमती एकैसाथ सती गएपछि यस घाटको नाम सतीघाट भएको कथन छ। राष्ट्रिय विभूति आदिकविको समाधिस्थलको प्रचारप्रचार गरी यस स्थानलाई धार्मिक तीर्थस्थलको रूपमा विकास गर्न सकिन्छ । भानुभक्तको नामबाट नामकरण भएको नगरपालिकाले समाधिस्थलको संरक्षण, प्रवर्द्धन र विकासलाई प्राथमिकतामा राख्ने बताउने गरेपनि काम अगाडि बढाउन सकेको छैन । जन्म, वाल्यावस्था र वृद्धावस्थाका साथै उहाँसँग सम्बन्धित विभिन्न विषयका बारेमा विभिन्न पुस्तक तथा शिलापत्रमा उल्लेख भएका छन् । समाधिस्थलको प्रचारप्रसार नहुँदा चर्चामा पर्न सकेको छैन । सतीघाटलाई भानुभक्तको समाधिस्थलका रूपमा मात्रै नभएर धार्मिक तथा ऐतिहासिक क्षेत्रका रूपमासमेत लिने गरिएको छ ।

डुम्रे–भन्सारमा सामान ढुवानीसँगै मुख्य आवतजावतको स्थलका रूपमा पनि सतीघाट परिचित थियो । डुम्रे बजार मुख्य व्यापारिक केन्द्र हुँदा आवश्यक सामग्री ल्याएर बिक्री वितरणका लागि यही बाटोमार्फत डुङ्गा, काठको फेरीको प्रयोग गरी मर्स्याङ्दी नदी हुँदै गोरखा, नुवाकोट, काठमाडौं पुग्ने गरिन्थ्यो । सतीघाट परापूर्वकालदेखि नै धार्मिक एवं ऐतिहासिक रूपमा महत्वपूर्ण छ । धार्मिक एवं ऐतिहासिक महत्व बोकेको यस स्थानको विकास र संरक्षणका लागि गुरूयोजना निर्माण गर्ने योजनामा नगरपालिका छ । सतीघाट संरक्षण समिति वा संवर्द्धन समिति निर्माण गरी गुरू योजनामार्फत यस क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने तयारी गरिएको पनि छ । बाइस्से/चौबिस्से राज्यका बेलामा सेनाले पदयात्रा गर्ने मुख्य नाका नै सतीघाट क्षेत्र रहेको उल्लेख छ । बाइस्से/चौबिस्से राज्यका बेलामा सेनासहित पृथ्वीनारायण शाहले यही बाटो प्रयोग गरेको इतिहासमा उल्लेख गरिएको छ । राज्य एकीकरणको समयमा कालु पाण्डे लगायतका सेना सतीघाट (मर्स्याङ्दी नदी) पार गरी आवतजावत गर्ने मुख्य बाटोका रूपमा थियो भनिन्छ। तनहुँसुरका राजा, गोर्खाली राजा एक ठाउँबाट अर्को ठाउँसम्म पुग्ने मुख्य नाका पनि यही भएकाले यस क्षेत्र विशेष महत्वपूर्ण छ । स्थानीय पालिकाले यस क्षेत्रको सामयिक विकासमा ध्यान दिनुपर्दछ । साथै स्थानीयले पनि सतिघाट क्षेत्रको विकास र प्रवर्द्धनका लागि सरोकारवाला निकायलाई झकझाउन आवश्यक छ ।

# भौतिकवादी दर्शन र हाम्रो समाज



डार्विनले भनेझैं 'निषेधको निषेध' बाटै विकास सम्भव हुन्छ । नयाँ कुरा पुरानो जगमा टेकेर अघि बढ्छ। एउटा बीउबाट हजारौं दाना जन्मिन्छन्- यही नै विकासको वैज्ञानिक सिद्धान्त हो ।

सुरेशकुमार पाण्डे

देशलाई आवश्यक पर्ने मुख्य खुराक भनेको भौतिकवादी दर्शन नै हो । जनताको आधारभूत आवश्यकता पनि भौतिकवादसँग नै जोडिएको छ । इतिहास साक्षी छ– संसारमा भएका सबै प्राविधिक, वैज्ञानिक र प्रविधिक उपलब्धिहरु भौतिकवादकै परिणाम हुन् । हामीले दैनिक उपभोग गर्ने अन्नदेखि लिएर उच्चतम वैज्ञानिक आविष्कारसम्म सबै भौतिक विज्ञानकै उपज हुन् । प्रकृतिद्वारा प्राप्त स्रोत र साधनलाई आवश्यकता अनुसार रूपान्तरण गर्ने माध्यम नै भौतिकवाद हो । चराचर जगत् बुझ्ने दृष्टिकोणको विकास पनि भौतिक ज्ञानद्वारा सम्भव भएको छ । मानव सभ्यताले शताब्दीयौँदेखि यसबारे अध्ययन, अनुसन्धान र बहस गर्दै आएको छ।

विज्ञान भनेको आँखा चिम्लिएर गर्ने साधना होइन, न त चमत्कारद्वारा प्राप्त हुने तत्व हो। विज्ञान भनेको निरन्तर खोज, अनुसन्धान र प्रयोगको परिणाम हो। जस्तै– डाक्टरले मानव शरीर र मस्तिष्कका अंग र तिनका कार्यबारे अध्ययन गर्छन्, त्यस्तै भौतिक विज्ञानले पनि समाजमा के कमी छ र त्यसको समाधान कसरी सम्भव छ भन्ने कुरा पत्ता लगाउँछ ।

गाई, भैंसी र बाख्राको दूधमा के फरक हुन्छ, कुन तत्व बढी वा कम हुन्छ भन्ने पत्ता लगाउनु, किसानले उत्पादन गरेको अन्नको गुणस्तर कसरी सुधार्न सकिन्छ भन्ने कुरा– यी सबै भौतिक ज्ञानका उदाहरण हुन् । यसैले हाम्रो जीवन र प्रकृतिसँग भौतिक विचारको अभिन्न सम्बन्ध रहेको छ ।

ढुङ्गे युगमा पनि मानिसले ढुङ्गा तिखारेर सिकार गर्थ्यो– त्यो पनि विज्ञानकै प्रारम्भिक रूप हो । त्यही युगमा भारी ढुङ्गा चलाउन साप्लो (ज्याक)को प्रयोग हुन्थ्यो, त्यो पनि विज्ञानकै उपयोग थियो। विगतमा कुनै घटना घट्दा ध्वजा फहराउने चलन आध्यात्मिक नभई व्यवहारिक विज्ञानसँग सम्बन्धित थियो, जुन पछि अन्धविश्वास र पूजाको स्वरूपमा रूपान्तरण भयो । मानिसले बुझ्नभन्दा पूजालाई सजिलो ठानेर त्यसलाई दैवीकरण गर्‍यो– यही मानवीय कमजोरीले अन्धविश्वास बलियो बनायो ।

विज्ञान कहिल्यै पुरानो हुँदैन, न त यसको मूल्य घट्छ । यो त निरन्तर नयाँ रूपमा विकसित हुँदै जाने प्रक्रिया हो । हाम्रो समाजले भौतिक विज्ञानको प्रयोग गर्दै आएको छ, र आज हामी त्यसकै जगमा उभिएका छौं ।

गरिब, किसान र श्रमजीवी वर्गको हितका लागि समाजलाई शोषणमुक्त कसरी बनाउन सकिन्छ भन्ने अध्ययनकै परिणामस्वरूप कार्ल मार्क्सको समयमा भौतिकवादी दर्शनले गुणात्मक रूप पायो। मार्क्स र एंगेल्सले यसलाई वैचारिक आधार दिए भने लेनिन र स्टालिनले त्यसलाई व्यवहारमा उतारे । रूसमा भएको समाजवादी क्रान्तिले संसारभर शोषणविरूद्धको आन्दोलनलाई बलियो बनायो । पछि माओत्सेतुङले चीनमा जनवादी क्रान्ति गरेर भौतिकवादलाई नयाँ उचाइमा पुर्‍याए । आज चीनले भौतिक सोचकै बलमा विश्व शक्तिको रूप लिएको छ ।

यद्यपि समयसँगै प्रतिक्रान्तिहरु पनि भए, भौतिकवादी चिन्तन भने निरन्तर विकसित हुँदै आएको छ । विश्वका धेरै देशहरूमा माक्सवादी सिद्धान्तका आधारमा सामाजिक रूपान्तरणका प्रयास भएका छन् । तर हाम्रो देशमा परम्परागत र रूढीवादी समाज संस्थागत रूपमा बलियो छ । जबसम्म हामी चेतनशील नागरिकका रूपमा यस्ता कुसंस्कारबाट मुक्त हुँदैनौं, तबसम्म भौतिक ज्ञानलाई आत्मसात् गर्न सक्दैनौं । भौतिक विज्ञान अपनाउन नसकेसम्म राजनीतिक दल, विचारधारा वा शासन प्रणाली जति परिवर्तन भए पनि देशले गुणात्मक प्रगति गर्न सक्दैन।

आज पनि हामी विज्ञानका उपलब्धिलाई चमत्कारको रूपमा लिन्छौं– रोग निको पार्ने डाक्टरलाई होइन, त्यसको श्रेय भगवानलाई दिइन्छ । हवाईजहाज बनाउने इञ्जिनियर होइन, 'दैवी शक्ति'को प्रशंसा गरिन्छ । यसले मानिसलाई आत्मनिर्भर होइन, निर्भर बनाएको छ । चेतनाको यही कमीले समाजलाई पछि पारेको हो ।

डार्विनले भनेझैं "निषेधको निषेध" बाटै विकास सम्भव हुन्छ । नयाँ कुरा पुरानो जगमा टेकेर अघि बढ्छ । एउटा बीउबाट हजारौं दाना जन्मिन्छन्– यही नै विकासको वैज्ञानिक सिद्धान्त हो ।

राजनीतिक दलहरूले समाजलाई सही दिशामा लैजाने क्षमता राख्नुपर्छ । तर आजका धेरै दलहरूले जनतालाई भ्रममा पारेर सत्ताको भऱ्याङका रूपमा प्रयोग गर्दै आएका छन् । कम्युनिष्ट भनेर चिनाउने दलहरु पनि यही जालमा परेका छन् ।

यदि भौतिक ज्ञान, व्यावहारिक नीति र वैज्ञानिक सोच भएका अग्रगामी शक्तिको हातमा देशको शासन आयो भने देशको मुहार परिवर्तन हुन सक्छ । तर हाम्रो रूढिवादी समाज अझै पनि अन्धविश्वास र कुसंस्कारमा बाँधिएको छ । यही कमजोरीले अवसरवादलाई बलियो बनाएको छ र भौतिकवादको जरामा प्रहार गरेको छ ।

धर्मको आवरणमा पाप गर्ने चलन समाजमा गहिरो बनिसकेको छ । यस भ्रमको जालबाट समाजलाई मुक्त गर्नसके मात्र देशले गुणात्मक विकास गर्नेछ । तर प्रश्न यहीँ छ– "त्यो अफिमको नशाबाट समाजलाई मुक्ति कसले दिलाउने?" जबसम्म मानिस चेतनशील र विवेकशील बन्दैन, तबसम्म देशको अवस्था यस्तै रहिरहनेछ।

# गर्भवतीलाई पोषण भत्ता वितरण

भञ्ज्याङ समाचारदाता/तनहुँ

व्यास नगरपालिकाले २९५ गर्भवतीलाई पोषण भत्ता वितरण गरेको छ । नवजात शिशु र आमाको स्वास्थ्य स्याहार तथा सुरक्षाका लागि जनही रू पाँच हजारका दरले गर्भवतीलाई पोषण भत्ता वितरण गरेको हो । गत आर्थिक वर्षमा २४३ गर्भवतीलाई रू १२ लाख २५ हजार र चालु आवको साउनदेखि असोजसम्म ५२ जनालाई रू दुई लाख ६० हजार रकम प्रदान गरिएको हो ।

गर्भवती पोषण कार्यक्रम (महिलासँग उपप्रमुख) अन्तर्गत उनीहरूलाई रकम प्रदान गरिएको महिला बालबालिका अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखाले जनाएको छ । गर्भवतीलाई पोषण प्रोत्साहन रकम प्रदान गरी कुपोषण हुनबाट बचाउने, नियमित गर्भ जाँच गराउने र असुरक्षित सुत्केरीलाई निरूत्साहित गर्ने उद्देश्यले पोषण भत्ताको व्यवस्था गरिएको महिला विकास निरीक्षक जानुका सुर्खालीले जानकारी दिए ।

नगरपालिका क्षेत्रका सरकारी स्वास्थ्य संस्थाबाट कम्तीमा तीन पटक स्वास्थ्य परीक्षण गराउका गर्भवतीलाई आठ महिनापछि रू पाँच हजार प्रदान गरिने उनले बताइन् । यसअघि गर्भवतीलाई नगद नै वितरण गर्ने गरिएको थियो ।

त्यसैगरी चालु आर्थिक वर्षमा डिजिटल प्रविधिबाट अपाङ्गता भएकालाई परिचयपत्र वितरण कार्य थालिएको छ । चालु आर्थिक वर्षमा 'क' वर्गको दुई, 'ख' वर्गको २९, 'ग' वर्गको १८ तथा 'घ' वर्गको सात जनालाई परिचयपत्र वितरण गरिएको सहायक महिला विकास निरीक्षक शर्मिला जम्मर कट्टेलले जानकारी दिइन् । गत वर्ष १९० जनालाई यस किसिमको परिचयपत्र प्रदान गरिएको थियो ।

## तपाईको आज

**मेष**
आर्थिक लाभको सम्भावना, पारिवारिक सहकार्यले ठूला काम सम्पन्न, नयाँ योजना प्रारम्भ गर्न अनुकूल समय हो ।

**वृष**
व्यवसायमा मन्दी देखिए पनि साझेदारीमा गरिएको कामबाट फाइदा मिल्न सक्छ। मनोबल उच्च राख्नुहोस्।

**मिथुन**
प्रेम सम्बन्धमा सुधार आउनेछ। मित्रहरूसँगको सहकार्यबाट फाइदा हुनेछ। पढाइलेखाइमा मन जानेछ।

**कर्कट**
घरपरिवारमा सानो मतभेद आउन सक्छ। भावनामा बग्नुभन्दा यथार्थमा टिकेर निर्णय लिनु उपयुक्त हुन्छ।

**सिंह**
यात्राको योग देखिन्छ । शुभ सूचना प्राप्त हुनेछ । सम्मान प्राप्त हुने सम्भावना पनि देखिएको छ ।

**कन्या**
सञ्चारमा सुधार हुनेछ। आर्थिक विषयमा सतर्क र हनुहोस्। परिश्रम अनुसार उपलब्धि पाउनुहुनेछ।

**तुला**
पारिवारिक वातावरण सुखद रहला । नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा दिन सक्छ ।

**वृश्चिक**
श्रम अनुसार फल पाइने समय हो। बोली र व्यवहारमा संयमता अपनाउनु लाभदायक हुनेछ।

**धनु**
सृजनात्मक काममा रूचि बढ्नेछ। पुराना समस्याको समाधान हुने सम्भावना छ। आत्मबल उच्च रहन्छ।

**मकर**
नयाँ योजनाको प्रारम्भका लागि अनुकूल समय हो। अरूको कुरामा ध्यान नदिई आफ्ना लक्ष्यमा केन्द्रित हुनुहोस् ।

**कुम्भ**
पुराना साथी भेटिने सम्भावना छ । नयाँ काममा हात हाल्नुअघि अनुसन्धान गर्नु उचित हुनेछ ।

**मीन**
स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ । सामाजिक काममा संलग्न हुने अवसर आउन सक्छ ।



## नरसिंहा बाजा र माछापुच्छ्रे

कास्कीको माछापुच्छ्रे गाउँपालिक-६ अस्तामस्थित बाजा पार्कमा रहेको दुई नरसिंहा बाजाका बीचमा देखिएको माछापुच्छ्रे हिमाल । परम्परागत बाजाको पहिचानलाई जोगाउने लक्ष्यका साथ यहाँ बाजापार्क निर्माण गरिएको हो ।

*तस्बिरः वासुदेव पौडेल/रासस*

# कम्ती रोमाञ्चक छैनन् .........

थकाली र तिब्बतीय संस्कृति झल्काउन मौलिक वेषभूषा लगाएर टिकटक बनाउन खोजेको उनीहरूको भनाइ थियो। विद्यार्थी सीमा तामाङले भन्नुभयो, "मार्फा गाउँभित्र पसेर टिकटक बनाउन पाउँदा खुसी लागेको छ । सायद यहाँको प्राचीन संस्कृति निकै लोभलाग्दो रहेछ ।" अर्का विद्यार्थी अनुस्का तामाङले पुराना घरहरूमा लस्करै दाउरा पाजेर राखेको देख्दा कौतुहलता बढेको बताउनुभयो। सबैसबै घरहरूको छत माथि लस्कर दाउरा पाजिएका छन्, के का लागि राखिएको होला कुन्नि? उनले प्रतिप्रश्न गरिन् । सहरको कोलाहल र प्रदूषणभन्दा यहाँको हावापानीको स्वच्छता र शान्तमय वातावरणले आफूहरू प्रफुल्ति भएको सुनाउनुभयो।

यहाँको मार्फा गाउँमा सडक सञ्जालको पहुँच राम्रो नहुँदा आकलझुकल विदेशी पर्यटकहरू पुग्थे, तर अचेल मार्फा गाउँमा आन्तरिक पर्यटकहरू आइरनि थालेका छन् । मार्फा गाउँभित्रको गल्लीमा दर्जनौं पर्यटक लक्षित होटलहरू सञ्चालनमा छन् । पछिल्लो समय सडक सहज भएसँगै कतिपय मार्फाली समुदाय सडकमार्गसँगै जोडिएका स्याउ बगैंचा मासेर आधुनिक प्रकारका कंक्रिट ठूला पर्यटक लक्षित होटलहरू निर्माण गर्ने होटबाजी नै चलेको छ ।

घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले मार्फा गाउँभित्र कसैले पनि पुराना घरहरू मासेर आधुनिक घरहरू निर्माण गर्न नपाइने गाउँलेहरूले नियम बनाएको जानकारी दिनुभयो । यहाँको गल्लीभित्रको सम्पदा पर्यटकीय तथा सांस्कृतिक सम्पती भएकाले यसलाई मासेर आधुनिकतातर्फ लम्किनु आत्मघाती हुने भएकाले मार्फा गाउँबासी यसतर्फ सचेत रहेको बताउनुभयो।

पर्वतका नितेन श्रेष्ठले मुस्ताङ योसँगै तेस्रोपटकको भ्रमण रहेको बताउनुभयो । मोटरसाइकल चढेर साथीहरूसँगै मुक्तिनाथ दर्शन र कोरलानाका घुम्ने योजना बनाएका श्रेष्ठले मार्फा गाउँमा भ्रमण यात्रा सुरू गरेको जानकारी दिनुभयो । "पहिलो पटक तीन वर्षअघि आउँदा यहाँ कोही पर्यटक आएको देखिएको थिएन, अहिले तेस्रोपटक आउँदा यहाँ आउँदा त पर्यटकले थेगिसक्नु रहेछ", श्रेष्ठले भन्नुभयो, "गाउँभित्रको सौन्दर्यता बढाइएको रहेछ, गल्लीगल्लीमा नामाकरण गरिएको रहेछ ।" मार्फा गाउँले पर्यटन बढाउने तरिका अपनाएकै कारण यस ठाउँको महत्व बढेको श्रेष्ठले सुनाउनुभयो ।

पोखराकी सोनी गुरूङ पनि मार्फामा साथीहरूसँगै भेषभूषा लगाएर टिकटक बनाउँदै थिइन्। यसैबीचमा उहाँलाई सोधिएको प्रश्नमा सोनी भन्नुहुन्छ, "मुस्ताङ जिल्ला स्वर्गको एक टुक्रा हो, यहाँ आएपछि सबै दुःख पीडा थकान बिर्साइदिन्छ, साँच्चै मुस्ताङ एक पटक घुम्नै पर्ने जिल्लाको हो ।" मुस्ताङ घुम्ने क्रममा मार्फा गाउँमा पस्दा निकै रमाइलो अनुभूति भइरहेको सोनीले उल्लेख गर्नुभयो। पर्यटकको भीडले गल्ली पूरै भरिएको देख्दा ठमेल बजारको याद दिलाइएको सोनीले उल्लेख गर्नुभयो । यहाँभित्र गल्लीगल्लीहरू चाहर्दा पृथक प्रकारको रमाइलो भएको उहाँको भनाइ छ ।

मुस्ताङ भ्रमणका लागि मार्फा आउनु भएका भक्तपुरका पर्यटक सुर्दशन न्यौपानेले धार्मिक तथा पर्यटकीय जिल्लाको पर्यटन प्रर्वद्धनका निम्ति सरोकारवाला निकायहरू सचेत रहनुपर्ने सुझाउनुभयो । मुस्ताङ पर्यटकीय हब भइसकेको र यसको उपयुक्त व्यवस्थापन गर्न नसकेमा दुरगामी असर पार्ने उल्लेख गर्नुभयो। यहाँ आएका पर्यटकहरूले बुक गरेका होटलहरू पनि सञ्चालकहरूले धोका दिएर बढी मूल्यमा अरूलाई दिने गरेको र यसले मुस्ताङको छविलाई बिगार्ने भएकाले त्यस्तो नगरिदिन अनुरोध गर्नुभयो । मुस्ताङ भ्रमण गर्न आएका पर्यटकहरूमध्ये कतिपयले होटल र खान बस्नको सुविधा नपाउँदा सास्ती पाएको बताउनुभयो।

यहाँको मार्फा गाउँभित्र सम्तेन ध्योलिङ बुद्धिस गुम्बा छ । गाउँभित्रको बिजुलीका तारहरू समेत पूरै भूमिगत गरिएको छ भने गाउँभित्रका घरहरूमा लस्करै लुङ्ता झुन्डइएका पनि मार्फा गाउँभित्रको सौन्दर्यता बढाइदिएको छ । स्याउ बगानमा लटरम्म स्याउ फल्ने याममा पर्यटकहरू स्याउ बगैंचा अवलोकन गरे बेग्लै अनुभूति लिनसक्ने सुविधा छ । पछिल्लो समय घरपझोङ गाउँपालिकाले गाउँ नजिकैको थुम्को स्टेट फ्रि टावर निर्माण गरेको छ । टावरमा पुगेका पर्यटकले मार्फा गाउँको सौन्दयैता अवलोकन गर्न पाउँछन्। मार्फामा आधा दर्जनभन्दा बेसी स्याउको प्रशोधित डिस्टिलरी संञ्चालनमा छन् । डिस्टिलरीमा पर्यटकले ब्रान्डी बनाएको समेत हेर्न सकिने सुविधा छ ।

यसैगरी मुस्ताङमा स्याउ उत्पादन तथा स्याउ प्रविधि प्रशारणका लागि स्थापित ५० वर्ष पुरानो शीतोष्ण बागवानी विकास केन्द्र छ । यहाँ पर्यटकहरूले कृषिसम्बन्धी सम्पूर्ण जानकारी हासिल गर्न सक्छन् । यहाँको मार्फा गाउँ पर्यटकीय गन्तब्यका रूपमा मात्रै होइन स्वदेशी तथा विदेशी चलचित्र केन्द्रको रूपमा समेत विकास हुन थालेको छ। मार्फामा नेपाली चलचित्र जेरी, कबड्डी, प्रेम गीतलगायतका दर्जनौं चलचित्र छायाङ्कन भइसकेको छ । यहाँको परम्परागत धर्म संस्कृति र रीतिरिवाज र थकाली सभ्यता र यहाँको प्राकृतिक सौन्दर्यताका कारण मुस्ताङको मार्फा चलचित्र स्पटको रूपमा समेत चिनिन थालेको हो । रासस

# मिनिट्रकको ठक्करबाट एक महिलाको मृत्यु

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको शुक्लागण्डकी नगरपालिका–५ बेलचौतारामा आइतबार साँझ सवारी दुर्घटनामा एक महिलाको ज्यान गएको छ ।

पृथ्वीराजमार्गमा दुलेगौँडाबाट खैरेनीटारतर्फ आउँदै गरेको ग १ क १८४५ नम्बरको मिनिट्रकले बाटो काट्दै गरेकी ३७ वर्षीया देवी तिवारी पौडेललाई ठक्कर दिएको प्रहरीले जनाएको छ। ठक्करबाट गम्भीर घाइते भएकी तिवारीलाई तत्काल उपचारका लागि जि.पी. कोईराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र, झरौटा पठाइएको थियो ।

तर, उपचारका क्रममा करिब साँझ ७ बजे डाक्टरले उनलाई मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय बेलचौताराले जनाएको छ । दुर्घटनापछि मिनिट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाएको छ ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा
**प्रत्येक महिनाको शनिबारः** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तै :- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्याँक-क्याँक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

## विद्यालय सहयोगी आवश्यकता

भानु नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा तनहुँको च.नं. ८८ मिति २०८२/०७/२३ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको विद्यालय सहयोगी पदमा एक जना कार्यालय सहयोगी नियुक्ति गर्नुपर्ने भएकाले यो ७ (सात) दिने सूचना प्रकिाशत गरिएको छ । उक्त पदका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

१) **पद** : विद्यालय सहयोगी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : आधारभूत तह उत्तीर्ण
४) **दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नरोगिताको प्रमाणपत्र
७) **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता ।
८) **दरखास्त दिने अन्तिम मिति** : २०८२/०७/३० गतेसम्म
९) **सम्पर्क मिति** : २०८२/०७/३० गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक

**श्री अरनिको माध्यमिक विद्यालय**

भानु नगरपालिका.–१३, ठूलोढूङ्गा, तनहुँ ।
सम्पर्क : ९८४१०१२२९६, ९८६९०२९७७४

## अस्पतालको सेवा सम्बन्धी सूचना

जाडो मौसमको सुरूवातसंगै मिति २०८२/०७/१६ गते आईतवारदेखि लागु हुने गरी परिमार्जीत ओपिडी (OPD) समय तालिका निम्न अनुसार रहेको छ ।

**आईतवारदेखि विहीवारसम्म**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउँसो २:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँच समय)**
  विहान ८:३० देखि दिउसो ४:०० बजेसम्म

**शुक्रवार**

- **ओपिडी (OPD) टिकट काट्ने समय**
  विहान ८:०० देखि दिउसो १:०० बजेसम्म
- **ओपिडी (OPD) समय (विरामी जाँचगर्ने समय)**
  विहान ८:३० देखि दिउसो ३:०० बजेसम्म

**विशेषज्ञ सेवा**

- बालरोग (Pediatrics) कोठा नं. ८, प्रत्येक दिन १०:००देखि३:०० बजेसम्म
- हाडजोनी (Orthopedics) OPD कोठा नं. ३, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००) अपरेशन सेवाः सोमबार, बुधबार, शुक्रवार ।
- प्रशुती तथा स्त्रीरोग (महिला सम्बन्धी) OPD कोठा नं. ११, आईतबार, मंगलबार, विहीबार (१०:००-३:००)

**अपरेशन सेवाः सोम, बुध, शुक्रवार**

- सर्जरी (Surgery) अपरेशन सेवा मंगलबार, विहीबार ।
- छाला, यौन तथा कुष्ठरोग (Dermatology) कोठा नं. ४, आईतवारदेखि शुक्रवार १०:०० देखि ३:००

साथै विशेषज्ञ EHS सेवा प्रत्येक दिन २:००बजेदेखि ३:००बजेसम्म हुनेछ

**पुनश्चः** शनिवार र सार्वजनिक विदाका दिनहरूमा ओपिडी बन्द हुनेछ

अस्पताल प्रशासन
**प्रदेश अस्पताल दमौली, तनहुँ**

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ कात्तिक २४, सोमबार
November 10, 2025

# बन्दीपुर गाउँपालिकाद्वारा उत्कृष्ट शिक्षक र विद्यार्थी सम्मानित

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको बन्दीपुर गाउँपालिकाले उत्कृष्ट शिक्षक तथा विद्यार्थीलाई सम्मान गरेको गाउँपालिकाले आइतबार बन्दीपुरमा एक कार्यक्रमको आयोजना गरी उत्कृष्ट शिक्षक तथा विद्यार्थीलाई सम्मान एवं पुरस्कृत गरेको हो ।

गाउँपालिकाले विद्यार्थीहरुको प्रतिभा पहिचान कार्यक्रम आयोजना गरी पुरस्कार प्रदान गरेको छ । गाउँपालिकाले एसईई परीक्षाका उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षकहरूलाई नगद, ट्रफी र प्रमाणपत्रसहित सम्मान गरेको छ । प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत नृत्य प्रस्तुत गरेका १० वटा विद्यालय मध्ये विद्यालयतर्फ प्रथम पुरस्कार नगद रू. २० हजार, ट्रफी र प्रमाणपत्रसहित पवित्र माध्यमिक विद्यालयले प्राप्त गरेको छ ।

त्यस्तै, द्वितीय पुरस्कार स्वरूप रू. १७ हजार, ट्रफी र प्रमाणपत्रसहित मनास्लु बोर्डिङ स्कुल हुन सफल भएको छ । तृतीय पुरस्कारको रूपमा नगद रू. १३ हजार, ट्रफी र प्रमाणपत्रसहित भानु माध्यमिक विद्यालयलाई र सान्त्वना पुरस्कारका रूपमा नगद रू. ५ हजार र प्रमाणपत्रसहित कालिका माध्यमिक विद्यालयलाई प्रदान गरिएको छ ।

कार्यक्रममा आधारभूत तह (कक्षा ८) अन्तर्गत सञ्चालन गरिएको परीक्षामा सामुदायिक विद्यालयतर्फ गाउँपालिका प्रथम कालिका माध्यमिक विद्यालयका सन्देश थापा र सामुदायिक विद्यालयको छात्रातर्फ प्रथम अरूण माध्यमिक विद्यालयकी इन्दु गुरूङ घोषित भएका छन् ।

यस्तै, माध्यमिक शिक्षा परीक्षा (एसईई) अनुसार आठ जना विद्यार्थीहरूलाई सम्मान गरिएको छ । तीमध्ये पवित्र माध्यमिक विद्यालयकी आयुषा श्रेष्ठ, ईसा नैनाबस्ती, लोकेश गुरूङ, मनिला लामा, रेजिना थापा, सभ्यता बिक, भानु माध्यमिक विद्यालयकी सलिना गुरूङ र विष्णु माध्यमिक विद्यालयका दिलिप भण्डारी क्षेत्री रहेका छन् ।



विषयगत उत्कृष्ट शिक्षकहरूको सम्मान पनि गरिएको छ । आधारभूत तह र माध्यमिक तह गरी जम्मा १७ जना शिक्षकहरूलाई नगद पुरस्कार र प्रमाणपत्रसहित सम्मान गरिएको हो । आधारभूत तह (कक्षा ८ सम्म) अन्तर्गत नेपाली विषयमा सेतीगंगा आधारभूत विद्यालयकी दमयन्ती बोहरा, अरूण माध्यमिक विद्यालयका लालु गुरूङ, चन्द्रोदय आधारभूत विद्यालयकी सबिना पण्डित र जगदीश्वर आधारभूत विद्यालयका रामविलास पोखेल सम्मानित भएका छन्।

अंग्रेजी विषयमा सेतीगंगा आधारभूत विद्यालयका युवराज सेन ठकुरी र अरूण माध्यमिक विद्यालयका रेशम थापा, गणितमा सेतीगंगा आधारभूत विद्यालयका सरोज यादव, विज्ञानमा सेतीगंगा आधारभूत विद्यालयका पवनकुमार श्रेष्ठ, अरूण माध्यमिक विद्यालयका रामकुमार श्रेष्ठ, कालिका माध्यमिक विद्यालयकी प्रतिमा अधिकारी र सामाजिक विषयमा कालिका माध्यमिक विद्यालयका वीरेन्द्र केसीले पुरस्कृत भएका छन् ।

माध्यमिक तह (एसईई स्तर) अन्तर्गत नेपाली विषयमा अरूण माध्यमिक विद्यालयका लालु गुरूङ र कालिका माध्यमिक विद्यालयकी प्रमिला गुरूङ, सामाजिक विषयमा कालिका माध्यमिक विद्यालयका भोलानाथ भट्टराई, शिक्षा विषयमा विष्णु माध्यमिक विद्यालयका बाबुराम रानाभाट र कालिका माध्यमिक विद्यालयका मानबहादुर ओली, तथा गणित विषयमा पवित्र माध्यमिक विद्यालयका विजय आचार्य सम्मानित भएका छन् ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष सुरेन्द्र बहादुर थापा उपाध्यक्ष पञ्चमाया गुरूङ, वडा नं. ३ का वडाध्यक्ष परमेश्वर भट्टराई लगायत शैक्षिक क्षेत्रको विकासका लागि सबैले आ–आफ्नो क्षेत्रबाट हातेमालो गर्न आवश्यक रहेको चर्चा गरेका थिए । कार्यक्रममा गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख भीम लामिछानेले कार्यक्रमको सहजिकरण गरेका थिए।

# हुलाक कार्यालय तनहुँले तीन महिनाको अवधिमा चार हजार ५९८ चिठीपत्र वितरण गऱ्यो

भञ्ज्याङ समाचारदाता/दमौली

जिल्ला हुलाक कार्यालय तनहुँले चालु आर्थिक वर्षको तीन महिनाको अवधिमा चार हजार ५९८ चिठीपत्र वितरण गरेको छ । कार्यालयले आर्थिक वर्ष २०८२/८३ को साउनदेखि असोज मसान्तसम्म उक्त चिठीपत्र वितरण गरेको हो।

साउनमा एक हजार ८६८, भदौमा एक हजार ६९७ र असोजमा एक हजार ३३ चिठीपत्र वितरण गरिएको निमित्त हुलाक अधिकृत सुशील अर्यालले जानकारी दिए । साउनमा २० साधारण चिठीपत्र, ६३७ रजिष्ट्री चिठीपत्र, २३ पुलिन्दा, अन्य हुलाकमा स्वदेशी ४५ र विदेशी ५२, अन्य हुलाकमा रजिष्ट्री स्वदेशी ८६५ र विदेशी ३८, साना प्याकेज ११, समाचार पत्रिका १२२, बुकपोष्ट १०, इएमएस ३७ र पार्सल आठ वितरण गरिएको उनले बताए ।

यस्तै, भदौमा २३ साधारण चिठीपत्र, ५५१ रजिष्ट्री चिठीपत्र, एक पुलिन्दा, अन्य हुलाकमा स्वदेशी ४१ र विदेशी ५३, अन्य हुलाकमा रजिष्ट्री स्वदेशी ७६१ तथा विदेशी १३, रजिष्ट्री पुलिन्दा सात, साना प्याकेज एक, समाचार पत्रिका ८१, बुकपोष्ट १२८, इएमएस ३३ र पार्सल चार वितरण गरिएको छ ।

असोजमा ३३ साधारण चिठीपत्र, ३२९ रजिष्ट्री चिठीपत्र, चार पुलिन्दा, अन्य हुलाकमा स्वदेशी १७ र विदेशी ४७, अन्य हुलाकमा रजिष्ट्री स्वदेशी ४६९ र विदेशी १३, साना प्याकेज दुई, समाचार पत्रिका ६५, बुकपोष्ट १८, इएमएस २५ र पार्सल ११ वटा वितरण गरिएको छ ।




अर्यालका अनुसार चालु आर्थिक वर्षको तीन महिनामा रू पाँच लाख ३२ हजार ७२५ राजस्व संकलन भएको छ । हुलाक सेवा शुल्कतर्फ रू चार लाख ९८ हजार ६१५, अन्य राजस्वतर्फ रू चार हजार ७५०, भन्सार महसुल आयाततर्फ रू २७ हजार ४४० संकलन भएको छ ।

नेपाल सरकारको एक स्थानीय तहः एक हुलाक कार्यालयको अवधारणाबमोजिम जिल्लाका १० स्थानीय तहभित्र नौ वटा स्थानीय हुलाक कार्यालयको स्थापना र पूर्ण रूपमा सञ्चालनमा आएका छन् ।

हुलाक कार्यालयले रजिष्ट्री, द्रुत, साधारण चिठीपत्र, पार्सल, दर्ता, चलान र डेलिभरी, राहदानी ढुवानी, पत्रपत्रिका दर्ता तथा नवीकरण, जिल्लामा सञ्चालित स्थानीय केबल प्रदायको इजाजत नवीकरण गर्ने तथा रोयल्टी बुझ्ने, ५०० वाटसम्मका एफएम रेडियोको इजाजत नवीकरण गर्ने, सेवाग्राहीको आवश्यकतामा आधारित भएर पोष्टबक्स सेवा उपलब्ध गराउने, राष्ट्रिय सूचना आयोगको प्रत्यायोजित अधिकारअन्तर्गत रहेर सूचनाको हकको कार्यान्वयनको अवस्थामा सम्बन्धमा कार्य गर्ने, सेवाग्राहीको मागबमोजिम टिकट बिक्रीवितरण गर्ने कार्य गर्दै आइरहेको छ ।

facebook twitter



**Vijay Kumar Panday**
x.com/Vijaykumarko

Gen Z आन्दोलनमा देखिएको उर्जाले कुनै अर्थ पाउला? वा उनीहरूको त्याग र चाहना त्यसै सुकेर जाला ? के निर्वाचन समयमै होला ? के मेयर बालेन शाहले आफ्नो कालो चस्मा र आफ्नै राजनैतिक दल खोल्लान ? वा कुनै नयाँ दललाई खुलेआम समर्थन गर्ने जोखिम लेलान ? वा सबैलाई फेसबुकबाटै- गरेरै हाललाई काम चलाउलान ? मिडियामा छाएका अन्य 'नयाँ' हरू आफैं अघि सरेर पार्टी खोल्ने हिम्मत गर्लान? वा पुराना पार्टीसँग रिसाएका मत रवि लामिछानेको घन्टीले सोरेर लैजाला ?

के यसपटक चुनावमा कांग्रेसमा अन्तरघातको सुनामी आउला ? ठाडा केपी ओली फेरिएलान कि भाचिएलान? वा जनताले ओलीलाई उनको नसुद्रिने (उनका समर्थकका शब्दमा 'दृढ') रूपमै स्वीकार गर्ला?

के पुराना पार्टीका नयाँ–पुराना शिर्ष नेताहरूका लागि निर्वाचनमा जेलभित्रका रवि लामिछाने, जेलबाहिरका रविभन्दा खतरनाक सावित होलान? के सर्वोच्च अदालतले संसद् पुनर्स्थापनासम्बन्धी मुद्दामा बेलैमा फैसला देला? के नेपालले आफ्ना समस्या शान्तिपूर्वक समाधान गर्ने क्षमता देखाउला? आउने दिन कस्ता होलान? धेरै प्रश्नहरु छन्।

हामी यसै नोभेम्बर महिनाको तेस्रो सातादेखि नयाँ सिरिज ल्याउँदै छौं- Gen G र अरू G हरू!

जेनजी आन्दोलनले जुन प्रश्नहरु खडा गरेको छ, त्यसको जवाफ Gen Z पुस्ताले एक्लै दिन सक्दैन। पुराना पुस्ताले एक्लै दिन सक्ने त कुरै भएन- सक्ने भए, देशको स्थिति यहाँसम्म पुग्ने थिएन।


जेनजी र त्यस पछिका पुस्ताले एक्लै–एक्लै सक्ने भए, आजसम्म प्रष्ट जवाफ दिइसक्थे ! त्यसैले, नयाँ र पुराना दुवै जेनरेसन (G) को संयुक्त प्रयासको सिरिज हुनेछ यो- Gen Z र अरू G हरू !

# जनज्योति क्याम्पसको विकासका लागि अन्तरक्रिया

भञ्ज्याङ समाचारदाता/भिमाद

तनहुँको भिमाद नगरपालिकास्थित जनज्योति क्याम्पसको बृहत्तर विकास र स्थायित्वका विषयमा आइतबार भिमादमा अन्तरक्रिया कार्यक्रम गरिएको छ । भिमाद नगरपालिका, क्याम्पस सञ्चालक समिति, राजनीतिक दलका प्रतिनिधि, क्याम्पस प्रशासन, प्राध्यापक, कर्मचारी तथा विद्यार्थी प्रतिनिधिहरूबीचको उक्त अन्तरक्रिया लगायतको सहभागिता रहेको थियो।

त्यसैगरी नेपाली कांग्रेस भिमाद नगर कार्यसमिति सभापति अरविन श्रेष्ठ, नेकपा (एमाले) भिमाद नगर कमिटी अध्यक्ष इमानबहादुर थापा, नेकपा (माओवादी केन्द्र) अध्यक्ष अमृत सिग्देल, राष्ट्रिय स्वतन्त्र पार्टी भिमाद नगर सभापति हरिप्रसाद लम्साल, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधि ध्रुवराज सुवेदी, पूर्व विद्यार्थी संघका अध्यक्ष सुनिल श्रेष्ठ, स्ववियु सभापति विप्लव भण्डारी र नेविसंघ सभापति




क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष उमाकान्त श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रममा भिमाद नगरपालिकाका नगरप्रमुख दधिराज सुवेदी, उपप्रमुख शारदा खनाल, सल्लाहकार सदस्य पुष्पराज पराजुली, प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद पुन, पूर्व उपाध्यक्ष एवं सल्लाहकार काजीमान श्रेष्ठ, वडा अध्यक्ष प्रकाश श्रेष्ठ, कार्यपालिका सदस्य इन्दिरा खड्का, सञ्चालक समिति सदस्यहरु गोपालप्रसाद पराजुली, जीवनाथ अर्याल, मिलन आले, नरेन्द्र थापा, कृष्णकुमारी सुवेदी अमृत गैह्रेलगायतले क्याम्पसको दीर्घकालीन विकासका लागि साझा प्रतिबद्धता व्यक्त गरेका थिए ।

क्याम्पस प्रमुख केशवराज काफ्लेले कार्यक्रममा सहजिकरण गर्दै अन्तरक्रियाको औचित्यबारे प्रकाश पारेका थिए । सहायक क्याम्पस प्रमुख शिवदत्त चापागाईंले कार्यक्रम सञ्चालन गरेका थिए भने प्राध्यापक संघका सभापति हरिप्रसाद सुवेदीले वक्ताहरूका विचारको सारांश प्रस्तुत गरेका थिए ।

अन्तरक्रियामा क्याम्पसको बृहत्तर विकास र स्थायित्वका लागि विद्यमान संविधान र कानुनले प्रदान गरेको अधिकारभित्र रही सबै पक्षको सहकार्यमा अघि बढ्ने सहमति गरिएको छ । साथै क्याम्पसको प्रभावक्षेत्रभित्र रहेका स्थानीय तहहरूबीच बृहत् शैक्षिक भेला आयोजना गर्ने निर्णयसमेत गरिएको छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४